२०६८।४।१५


नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

(नीति विश्लेषण शाखा)

☎ ४३९७८७
४३९७९०
४३९७८९
४१९७१९
४१४५६४
४१५८०२
४१५८०३

लाजिम्पाट, काठमाडौं


प.स /०६८/६९
च.नं.: १०

मिति:०६८/४/१६

विषय : व्याज भुक्तानीमा कर कट्टी गर्ने वारे ।

श्री नेपाल राष्ट्र् बैंक
केन्द्रीय कार्यालय
वालुवाटार , काठमान्डौ

आयकर ऐन ,२०५८ को दफा ८८(१) वमोजिम वासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको व्याजको रकम ( प्राकृतिक व्यक्तिलाई वाहेक ) भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने र सोही ऐनको दफा २ को खण्ड (ध) वमोजिमको कर छुट पाउने संस्थालाई भुक्तानी गरेको व्याजमा कट्टी गरेको रकम दफा ९२ (१) ड. वमोजिम अन्तिम रुपमा करकट्टी हुने भुक्तानी मानिने व्यवस्था भएकोमा आन्तरिक राजस्व कार्यालय वाट प्रदान गरेको कर छुटको प्रमाणपत्र पेश गरेको आधारमा कुनै कुनै वैंकले त्यस्ता संस्थालाई भुक्तानी गरेको व्याजमा कर कट्टी गर्ने नगरेको भन्ने जानकारी हुन आएको छ । अत: कुनै पनि वैंक , वित्तीय संस्थालाई भुक्तानी गर्ने व्याज र ग्रामीण समुदायमा आधारित लघु वित्त संस्था, ग्रामीण विकास बैङ्क, हुलाक बचत बैङ्क र दफा ११ को उपदफा (२) बमोजिम सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक दश हजार रुपैयाँसम्मको ब्याज भुक्तानीमा वाहेक अन्य निकाय तथा करछुट प्राप्त संस्थालाई व्याज वापतको रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गर्न र यस अघि कर कट्टी गर्न छुट भएको भए सो मा समेत करकट्टी गरी दाखिला गर्न बैंक तथा वित्तीय संस्थालाई जानकारी गराई राजस्व असूलीमा सहयोग गरिदिनुहुन मिति २०६८।०४।१६ भएको निर्णयानुसार अनुरोध गरिएको छ ।

(चन्द्र बहादुर खड्का)
शाखा अधिकृत